# मोलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा,ओखलढुंगा

प.सं. : ०७६/७७

सु.च.नं: ४

मिति :२०७७/०४/२५ गते

सूचना ! सूचना !! सूचना !!!

**सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण गर्ने सम्बन्धी सूचना ।**
**प्रथम पटक प्रकाशित मिति :२०७७/०४/२५ गते ।**

प्रस्तुत बिषयमा साविक बमोजिम सामाजिक सुरक्षा भत्ता खाईपाई आएका ६० वर्ष उमेर नपुगेका बिधवा तथा अति अशक्त अपाङ्गता भएका लाभग्राहीहरुको सामाजिक सुरक्षा परिचयपत्र नविकरण र नयाँ निवेदन संकलन गर्ने कार्य सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली २०७६ जारी भएपछि स्थगीत रहेकोमा, हाल संशोधन प्रकृयामा रहेको सामाजिक सुरक्षा ऐन, २०७५ संशोधन भएपछि सोही बमोजिम हुनेगरी, त्यस्ता लाभग्राहीहरुको छुट्टै अभिलेख राखि व्यवस्थापन सूचना प्रणलीमा नविकरण गर्ने भन्ने मिति २०७७/०४/१५ गृह मन्त्रालय( मा.मन्त्रीस्तर) को निर्णय भएको हुँदा सोही अनुसार त्यस्ता लाभग्राहीहरुको नविकरण तथा नयाँ निवेदन दर्ता गर्नु हुन साथै सामाजिक सुरक्षा नियमावली २०७६ अनुसार सबै प्रकारका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले अनिवार्य रुपमा श्रावण मशान्त भित्र परिचयपत्र नविकरण गरिसक्नु पर्ने भएको हुँदा वडाबाट साविक बमोजिम सबै प्रकारका भत्ता बुझिलिने लाभग्राहीहरुले अनिवार्य रुपमा स्वयंम लाभग्राही लाई उपस्थित गराई हालसालै खिचेको फोटो सहित अनुसुचि ३,दफा ६ को उपदफा ३ सँग सम्बन्धित बिवरण (वडा कार्यालयमा उपलब्ध हुनेछ) भरी २०७६ श्रावण मशान्त भित्र वडा कार्यालयमा बुझाईसक्नु हुन अनुरोध छ, लाभग्राहीहरुको विवरण नविकरण नगराएको खन्डमा कुनै पनी प्रकारको सामाजिक सुरक्षा भत्ता नपाईने पनि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

विवरण भर्दा तपशिल अनुसारको कागजात अनिवार्य लिएर उपस्थित हुन अनुरोध छ ।

(क) सबै लाभग्राहीको हकमा
२ प्रति पासपोर्ट साइजको फोटो,
(ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
(ग) बालबालिकाको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपिका साथै आमा वा आमा नभए संरक्षकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाण,
(घ) एकल महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाण पत्रको प्रतिलिपि वा अविवाहितको प्रमाण,
(ङ) विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(च) अपाङ्गताको हकमा प्रचलित कानून बमोजिम

मदन कुमार के.सी
पञ्जिकरण शाखा प्रमुख

सन्तोष गौतम
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्री सुचना प्रविधि शाखा,वेबसाईटमा सूचना अपलोड गरिदिनु हुन ।



Scanned with CamScanner